अनुसूची-३

(दफा ४ तथा अनसूची-१ [illegible] सँग सम्बन्धित)

भोटेकोशी गाउँपालिकाद्धारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ११

भोटेकोशी गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०७६/१२/१६

भाग-२

भोटेकाशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम भोटेकोशी गाउँकार्यपालिकाको बैठकको निर्णय बमोजिमको कानुन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको नियमावली नं. ११

## भोटेकोशी गाउँपालिकाको कोरोना भाइरस संक्रमितहरुको भाइरस संक्रमितहरुको उद्दार तथा उपचार कोष सञ्चालन कार्यविधी –२०७६

मोहन प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प्रस्तावना

विश्वव्यापी माहामारीको रुपमा फैलदै गएको कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा नियन्त्रण गर्न भोटेकोशी गाउँपालिकामा एक कोरोना भाइरस संक्रमितहरुको उपचार तथा उद्दार कोष स्थापना गरी उक्त कोषको व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी भोटेकोशी गाउँकार्यपालिकाको बैठले यो भोटेकोशी गाउँपालिकाको कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार कोष सञ्चालन कार्यविधी –२०७६ स्वीकृत गरी जारी गरिएको छ ।

परिच्छेद — १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) संक्षिप्त नाम – यस कार्यविधीको नाम भोटेकोशी गाउँपालिकाको कोरोना भाइरस संक्रमितहरुको भाइरस संक्रमितहरुको उद्दार तथा उपचार कोष सञ्चालन कार्यविधी –२०७६ रहनेछ ।

(२) यो कार्यविधि भोटेकोशी गाउँपालिका भरी लागू हुनेछ ।

(३) यो कार्यविधी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिती बाट लागुहुनेछ ।

२. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कोष" भन्नाले दफा ६ बमोजिमको कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार कोष सम्झनु पर्छ ।

(ख) "गाउँपालिका कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार व्यस्थापन समिति" भन्नाले दफा ५ बमोजिमको समितिलाई सम्झनुपर्छ ।

(ग) "कार्यविधि" भन्नाले भोटेकोशी गाउँपालिकाको कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार कोष सञ्चालन कार्यविधी –२०७६ लाई सम्झनु पर्दछ ।

मोहन प्रसाद निराला
प्रमुख प्रशासकीय अधिकृत

(घ) "कोष सञ्चालन समिति" भन्नाले दफा ७ बमोजिमको समिति सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले भोटेकोशी गाँउ कार्यपालिकाको कार्यालयललाई सम्झनु पर्छ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

(च) "गाउँपालिका" भन्नाले भोटेकोशी गाउँपालिकालाई सम्झनु पर्छ ।

३. कोष स्थापना : कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

४. कोषको कार्यालय : कोषको सचिवालय गाउँ कार्यपालिको कार्यालयमा रहने छ ।

## परिच्छेद–२

## कोषको संचालन तथा ब्यवस्थापन सम्बन्धी ब्यवस्था

५. गाउँपालिका कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार समिति : (१) भोटेकोशी गाउँपालिकाको कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार सम्बन्धी कार्यको लागि तपशील बमोजिमको गाउँपालिका स्तरीय कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार समिति रहनेछ ।

(क) गाँउ कार्यपालिकाको अध्यक्ष —अध्यक्ष

(ख) गाँउ कार्यपालिकाको उपाध्यक्ष —सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(घ) सबै वडाका वडा अध्यक्षहरु –सदस्य

(ङ) स्वास्थ्य सम्बन्धी विषय हेर्ने गाउँपालिकास्थित प्रमुख –सदस्य

(च) योजना, अनुगमन तथा प्रशासन शाखा प्रमुख —सदस्य–सचिव

(२) कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार समिति वैठक आवश्यकतानुसार बस्ने छ ।

मोहन प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

(३) वैठकको आव्हान समितीको अध्यक्षको निर्देशमा सदस्य सचिवले वैठक बोलाउनेछ ।

(४) समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा (५०) पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

(५) बैठकको निर्णय अध्यक्ष द्वारा प्रमाणित गर्नु पर्नेछ ।

६. कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार कोष : (१) कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार लागि गाउँपालिकामा एउटा छुट्टै कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार कोष रहनेछ ।

(२) कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।

(क) भोटेकोशी गाउँकार्यपालिका बैठक बाट आकश्मिक रुपमा कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार कोषको लागि विनियोजन भएको रकम ।

(ख) संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान ।

(ग) विभिन्न सरकारी, गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग रकम।

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) कोषको रकम नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजत प्राप्त सरकारी कारोबार गर्न स्वीकृत बैंकमा जम्मा गरिनेछ । कोषको संचालन गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत र राजस्व तथा आर्थिक शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषमा जम्मा भएको रकम कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचारका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

(५) कोषको लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

७. कोष सञ्चालन समितिः (१) कोषको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि देहाय वमोजिमको कोष सञ्चालन समिति रहनेछ .

(क) गाँउपालिका अध्यक्ष —संयोजक

(ख) गाँउपालिका उपाध्यक्ष —सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(घ) योजना तथा प्रशासन शाखा प्रमुख —सदस्य

(ङ) राजस्व तथा आर्थिक शाखा प्रमुख —सदस्य–सचिव

८. समितिको काम, कर्तव्य र अधिकार : (१) कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार कोष संचालन समितीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कोरोना भाइरस संक्रमितहरुको व्यवस्थापन सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) कोरोना भाइरस संक्रमितहरुको नियन्त्रणको लागि बजेट विनियोजन गर्न लगाउने,

(ग) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयमसेवक, सामाजिक परिचालक लगायत सम्बन्धीत सबै पक्षको समन्वय र संलग्नतामा कोरोना भाइरस संक्रमितहरुको व्यस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(घ) गाउँपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई कोरोना भाइरस संक्रमितहरुको नियन्त्रण सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(ङ) स्थानीय समुदायलाई कोरोना भाइरस प्रति जागरुक बनाउन पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(च) कोरोना भाइरस प्रभावित क्षेत्रमा उद्दार तथा राहतको व्यवस्था गर्ने,

(छ) कोरोना भाइरस संक्रमितहरुको व्यस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले यस कार्यविधी बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

९. वडास्तरीय कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार व्यवस्थापन समिति : (१) कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार व्यवस्थापन कार्यमा सहयोग पुर्याउन भोटेकोशी गाउँपालिकाको प्रत्येक वडामा देहाय बमोजिम वडास्तरीय कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार समिति रहनेछ :–

(क) वडा अध्यक्ष —अध्यक्ष

(ख) सम्पूर्ण वडा सदस्यहरु —सदस्य

(ग) वडा स्थित स्वास्थ्य चौकी प्रमुख —सदस्य

(घ) वडा सचिव —सदस्य–सचिव

भोटेकोशी गाउँपालिका फुलपिङकट्टी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

मोहन प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

१०. कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार (१) कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार समितिका अध्यक्षको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बैठकको अध्यक्षता गर्ने,

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

(ग) बैठकको प्रतिवेदन पेश गने, प्रस्ताव पेश गर्न लगाउने

(घ) कोषमा वित्तिय श्रोत जुटाउने र श्रोतको परिचालन गर्ने गराउने,

(ङ) कोषका निणर्यहरु सार्वजनिक गरि पारदर्शिता कायम गराउने,

(च) कोषको बैठक सहभागितात्मक रुपमा गराउने,

(छ) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने,

(ज) कोषको कामको अनुगमनमुल्याङकन गर्ने गराउने,

११. सदस्य सचिवको काम, कर्तव्य र अधिकार (१) कोरोना भाइरस संक्रमितहरुको उद्दार तथा उपचार समितिका सदस्य सचिवको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने अध्यक्ष संगको सल्लाहमा छलफलको विषयवस्तुहरु तयार गरि निर्णयार्थ बैठकमा पेश गर्ने ।

(ख) बैठकको निर्णय लेख्ने, कोषको सबै कागजातहरु जिम्मा लिने,

(ग) कोषसँग सम्बन्धित सूचनाहरु, तथ्याङ्क तथा अलभिलेख अध्यावधिक गर्ने,

(घ) अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने,

(ङ) कोषको प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने,

(च) कोषको कार्यक्रम तर्जुमा स्वीकृती र कार्यन्वन गर्न आवश्यक कारवाही गर्ने,

(छ) कार्यक्रमहरुको अनुगमन गर्ने गराउने,

(ज) कोषको चलअचल सम्पतिको संरक्षण गर्ने गराउने,

मोहन प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

१२. सदस्यको काम कर्तव्य र अधिकार (१) कोषका सदस्यहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापुर्वक भाग लिने,

(ख) अध्यक्षको काममा सहयोग पुर्याउने,

(ग) तोकिए बमोजिमको जिम्मेवारी पुरा गर्ने,

(घ) बैठकको निर्णयमा मतदान गर्नु पर्ने भए मतदान गर्ने,

(ङ) अध्यक्षले तोकिदिएको अन्य कार्यहरु गर्ने,

(च) कोषको कार्यक्रमहरु कार्यन्वयन गर्न सहयोग पुर्याउने ।

## परिच्छेद –४

## उद्धार तथा उपचार सम्बन्धी व्यवस्था

१३. उद्धारको सम्बन्धी व्यवस्था

(क) गाउँपालिकाको प्रत्येक वडामा आईसोलेसन कक्षको व्यवस्था गर्ने,

(ख) तालिम प्राप्त जनशक्तिको साथै आपतकालीन खाद्यान्न, औषधि एवं लत्ता कपडाको भण्डारण गर्न समन्वय गर्ने,

(ग) सामाजिक एवं गैर सरकारी संघ संस्था एवं पत्रकारहरुको सहयोग समेत लिई कोरना भाईरसबाट बच्न जनचेतना अभिवृद्धि गर्ने,

१४. उपचार सम्बन्धी व्यवस्था :

(क) कोरोना भाइरस संक्रमित सम्बन्धी शंकाश्पद विरामी देखिएमा प्रत्येक वडामा रहेका आईसोलेशन कक्षमा पठाउने ।आईसोलेशन कक्षमा रहेका विरामीको लागि खानाको व्यवस्थापन कोरोना भाइरस संक्रमितहरुको उपचार तथा उद्दार सम्बन्धी कोषबाट खर्च गर्ने ।

मोहन प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

(ख) आईसोलेशन कक्षमा रहेका कोरोना भाइरस संक्रमित सम्बन्धी शंकाश्पद विरामीहरुको तत्काल नमुना संकलन गरी धुलीखेल तथा टेकु अस्पतालमा पठाउने व्यवस्थाको लागि एम्वुलेन्स तथा अन्य सवारी साधन तयारी अवस्थामा राख्ने ।एम्बुलेन्स चालकलाई १०० प्रतिशत प्रोत्साहन उपलब्ध गराउने । सो को सम्पुर्ण खर्च कोरोना भाइरस संक्रमितहरुको उपचार तथा उद्दार सम्बन्धी कोषबाट गर्ने ।

(ग) कोरोना भाइरस संक्रमितहरुको नियन्त्रण सम्बन्धी कार्यमा कार्यरत स्वास्थ्य कर्मी तथा अन्य कर्मचारी हरुलाई थप १०० प्रतिशत रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने साथै यस कार्यमा सहयोग पुर्याउने जनप्रतिनिधिलाई नियमानुसार भत्ता उपलब्ध गराउने तथा यस कार्यमा खटिईने जनप्रतिनिधिको सवारी साधनको लागि आवश्यक ईन्धनको व्यवस्थापन गर्ने र उक्त रकम कोरोना भाइरस संक्रमितहरुको उपचार तथा उद्दार सम्बन्धी कोषबाट खर्च गर्ने ।

(घ) आईसोलेसन कक्षमा कार्यरत स्वास्थ्यकर्मी तथा हेल्थ डेक्समा कार्यरत कर्मचारी र सुरक्षा कर्मीहरुका लागि खाना र आवासको व्यवस्थापन गर्ने ।

(ङ) कोरोना भाइरस संक्रमितहरुको नियन्त्रण सम्बन्धी कार्यमा कार्यरत स्वास्थ्य कर्मीहरुका लागि अत्यावश्यक सामाग्रीहरुको व्यवस्थापन गर्ने तथा आईशोलेसन कक्षबाट निश्कासन हुने फोहोर मैलाको उचित व्यवस्थापन गर्ने ।

परिच्छेद

१५. कोष बाट कार्यक्रम संचालन गर्नुपर्ने : गाउँ कार्यपालिकाको कार्यालय र यस अन्तरगतको समिति वा उप–समितीबाट करोरोना भाईरस नियन्त्रण सम्बन्धी कार्याक्रम संचालन गर्दा यस कोषबाट मात्र संचालन गरिनेछ ।

१६. जाँच पास तथा फर–फारक : कोषबाट संचालन गरिने कार्यक्रमको जाँचपास तथा सिफारिस प्रचलित कानुन बमोजिम हुनेछ ।

१७. कार्यविधी संसोधन : यस कार्यविधीलाई संशोधन गर्न आवश्यक देखिएमा ब्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाको बैठकले गर्नेछ ।

१८. बचाउ र खारेजी :

(क) यस कार्यविधीमा ब्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन संग बाझिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

(ख) कुनै कारणबाट कोष संचालन हुन नसकेमा गाउँ कार्यपालिकाको बैठकले कोष खारेज गर्न सक्नेछ।

(ग) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पति तथा दायित्व गाउँ कार्यपालिकाको कार्यालयमा स्वतः सर्नेछ ।

आज्ञाले,

मोहन प्रसाद निरौला

प्रमुख प्रशासकीय अधिकृत